नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १८]काठमाडौं, चैत्र २५ गते २०२५ साल [अतिरिक्ताङ्क ३८

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको
विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट, प्रधानमन्त्री श्री सूर्यबहादुर थापाले आफ्नो ओहदाबाट २०२५।१२।२० गते मौसूफका जुनाफमा राजीनामा चढाउनु भएकोमा, प्रधानमन्त्री श्री सूर्यबहादुर थापालाई र मन्त्रिपरिषद्का अन्य सदस्यहरू तथा राज्यमन्त्रीहरूलाई आजसम्म सरकारी ओहदामा रही ईमान्दारीसाथ गर्नुभएको सेवाको लागि धन्यवाद बक्सदै मौसूफबाट सो राजीनामा स्वीकार गरिबक्सी वर्तमान मन्त्रिपरिषद् विघटन गरिबक्सेको छ ।

संविधानको धारा २५, २६, २६(क) र २७ बमोजिम आजै प्रधानमन्त्रीको अध्यक्षतामा देहायका पदमा देहायबमोजिम नियुक्ति गरिबक्सी पुनः मन्त्रिपरिषद् गठन गरिबक्सेको छ ।

मन्त्रिपरिषद् गठन विधि

(१) श्री कीर्तिनिधि विष्ट---	प्रधानमन्त्री
(२) श्री खड्गबहादुर सिंह---	मन्त्री
(३) श्री गिरीप्रसाद बुढाथोकी---	मन्त्री
(४) श्री गेहेन्द्रबहादुर राजभण्डारी---	मन्त्री

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।